दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



शान्ति, सहिष्णुता र भाइचाराको भावना विकास गरौं,

- मतभेदलाई संवाद, सहकार्य र समझदारीबाट समाधान गरौं,
- जाति, धर्म, भाषा, संस्कृति तथा विचारका आधारमा हुने विभेद अन्त्य गरौं,
- बालबालिका, महिला तथा कमजोर वर्गको अधिकार र सुरक्षाको सम्मान गरौं, - हिंसा, द्वन्द्व, घृणा र वैमनस्यको अन्त्यका लागि योगदान दिऔं,
- सामाजिक तथा सांस्कृतिक विविधताको सम्मान गर्दै सद्भाव कायम राखौं,- परिवार, विद्यालय र समुदायमा शान्ति र अहिंसाको संस्कार विकास गरौं ।

**विश्व शान्ति र मानवताको संरक्षणमा आफ्नो भूमिका निर्वाह गरौं ।**

नेपाल सरकार विज्ञापन बोर्ड



वर्ष ३८ | अंक २५२ | बुटवल | २०८३ असोज ११, गते आइतबार | नेपाल संवत ११४६ | Sunday September 27, 2026 | पृष्ठ ४ | मूल्य रु. १० मात्र | Lumbini


## नेपाल फर्किए प्रधानमन्त्री



बुटवल । प्रधानमन्त्री बालेन शाह संयुक्त राष्ट्रसंघको ८१औँ महासभामा सहभागी स्वदेश फर्किएका छन् । उनी केहीबेर अघिमात्रै त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गरेका हुन् ।

उनलाई स्वागत गर्न विमानस्थलमा कार्यवाहक प्रधानमन्त्री समेत रहेका अर्थमन्त्री डा. स्वर्णिम वाग्ले, गृहमन्त्री सुधन गुरुङ र संस्कृति, नागरिक तथा उड्डयनमन्त्री खडकराज पौडेल पुगेका थिए । महासभामा सहभागी हुन प्रधानमन्त्री शाह गत मंगलबार साँझ अमेरिका प्रस्थान गरेका थिए । उनले ८ गते महासभालाई सम्बोधन गरेका थिए ।

महासभामा सहभागी हुने क्रममा प्रधानमन्त्री शाहले विभिन्न देशका प्रतिनिधि तथा अन्तर्राष्ट्रिय समुदायका प्रतिनिधिसँग भेटवार्तासमेत गरेका थिए । महासभामा उनले नेपालको प्राथमिकता र अन्तर्राष्ट्रिय समुदायसँगको सहकार्यबारे धारणा राखेका थिए । महासभालाई सम्बोधन गर्दै प्रधानमन्त्री शाहले नेपालमा हालै आएको भोटेकोशी-त्रिशूली बाढीलाई जलवायु परिवर्तनले निम्त्याइरहेको संकटको उदाहरणका रूपमा प्रस्तुत गरेका थिए ।

» ***बाँकी २ पेजमा***

## संकट आएपछि मात्रै बोल्ने शैली फेरौं : परराष्ट्रमन्त्री

बुटवल । परराष्ट्रमन्त्री शिशिर खनालले महामारी तथा जनस्वास्थ्य आपतकालको रोकथाम, तयारी र प्रतिकार्यका लागि बहुपक्षीयता, समानता र ऐक्यबद्धतालाई विश्वव्यापी प्रयासको केन्द्रमा राख्नुपर्ने बताएका छन् ।

संयुक्त राष्ट्रसङ्घको ८१औँ महासभाअन्तर्गत भएको 'प्यान्डेमिक प्रिभेन्सन, प्रिपेयर्डनेस एन्ड रेस्पोन्स' (महामारी रोकथाम, पूर्वतयारी तथा प्रतिकार्य) विषयमा शनिबार भएको उच्चस्तरीय बैठकलाई सम्बोधन गर्दै उनले सङ्कट आएपछि मात्र प्रतिक्रिया दिने शैलीलाई परिवर्तन गर्दै पहिले रोकथामको संस्कृतितर्फ अघि बढाउनुपर्ने धारणा राख्नुभएको परराष्ट्रमन्त्रीको सचिवालयले जनाएको छ ।

मन्त्री खनालले कोभिड-१९ महामारीको समयमा कुनै एक स्थानमा उत्पन्न हुने जनस्वास्थ्य आपत्काल विश्वव्यापी सङ्कटमा परिणत भएको तथ्य उजागर गरेको बताए । मन्त्री खनालले उक्त महामारीले स्वास्थ्य सेवासँगै खोप, औषधि, प्रविधि र वित्तीय स्रोतमा रहेको गहिरो असमानता पनि उजागर गरेको जनाए ।

'महामारी स्वास्थ्य सङ्कट मात्र थिएन, यसले दशकौँमा हासिल भएका विकासका उपलब्धिहरूलाई समेत चुनौती दिएको थियो ।'-परराष्ट्रमन्त्री खनालले भने । नेपालले विश्वव्यापी महामारीको तयारीलाई थप सुदृढ बनाउन विश्व स्वास्थ्य सङ्गठन महामारी सम्झौता (डब्ल्युएचओ प्यान्डेमिक एग्रिमेन्ट) तथा संशोधित अन्तरराष्ट्रिय स्वास्थ्य नियमावलीलाई महत्त्वपूर्ण कदमका रूपमा स्वागत गरेको उनले बताए । विश्वव्यापी महामारी रोकथाम तथा तयारीका लागि नेपालले पाँच प्राथमिकता अघि सारेको मन्त्री खनालले उल्लेख गरे ।

» ***बाँकी २ पेजमा***

### अविरल वर्षाको कहर :

# सुस्ताका डेढ सय बढी घर डुबानमा, २९ जनाको सकुशल उद्धार

**लुम्बिनी संवाददाता**

*परासी*





अविरल वर्षाका कारण पश्चिम नवलपरासीको सुस्तामा नारायणी नदीको बाढी बस्तीमा पसेपछि २९ जनाको उद्धार गरिएको छ । नदी नियन्त्रणका लागि निर्माणाधीन तटबन्धको काम भारतीय पक्षको अवरोधका कारण महिनौंदेखि रोकिएको र त्यसको विकल्पमा बनाइएको अस्थायी तटबन्धसमेत बाढीले बगाएपछि सुस्ताका बस्ती थप जोखिममा परेका हुन् ।

सुस्ता गाउँपालिका-५ का अध्यक्ष टेकनारायण उपाध्याय र स्थानीय जनप्रतिनिधि आदम खानले तटबन्ध निर्माणका क्रममा भारतीय पक्षबाट पटक-पटक अवरोध भएको र त्यसकै कारण निर्माण कार्य रोकिएको सार्वजनिक रूपमा बताउँदै आएका छन् । उनीहरूका अनुसार नदी नियन्त्रणका लागि आवश्यक संरचना निर्माण हुन नसक्दा नारायणीको धार र कटानको जोखिम सुस्ताका बस्तीमाथि बढ्दै गएको छ । केही दिनदेखि लगातार परेको अविरल वर्षाका कारण नारायणी नदीको बहाव बढेपछि सुस्ता गाउँपालिका-५ स्थित थारुटोलमा पानी पसेको हो। बाढीले बस्ती डुबानमा परेपछि शनिबार बिहान सशस्त्र प्रहरी बल, नेपाल बीओपी सुस्ताबाट उद्धार टोली परिचालन गरिएको थियो ।

सशस्त्र प्रहरी निरीक्षक मनोज कार्कीको कमान्डमा खटिएको २१ जनाको टोलीले डुबानमा परेका २९ जना स्थानीयलाई सकुशल उद्धार गरेको सशस्त्र प्रहरीले जनाएको छ। उद्धार टोलीले एक गाई र १३ वटा बाख्रालाई समेत सुरक्षित स्थानमा सारेको छ ।

उद्धार गरिएका स्थानीय तथा चौपायालाई सुस्ता गाउँपालिका-५ मा रहेको होल्डिङ सेन्टरमा स्थानान्तरण गरिएको छ ।

**१६५ घरमा बाढीको असर**

नारायणीको बाढी शुक्रबार नै थारुटोलमा पसिसकेको थियो । बाढीका कारण उक्त टोलका १६५ घर प्रभावित भएका छन् । जोखिम बढेपछि थारुटोलका ७८ परिवारलाई होल्डिङ सेन्टरमा सारिएको थियो । शुक्रबार रातिदेखि पुनः सैनिक टोल र बड्का टोलमा समेत बाढी पस्न थालेपछि थप ८५ परिवारलाई सुरक्षित स्थानमा स्थानान्तरण गरिएको छ । नदीको जलस्तर निरन्तर बढिरहेको र सुस्ताका अन्य बस्तीसमेत जोखिममा रहेको स्थानीयले बताएका छन् ।

स्थानीयका अनुसार नदी नियन्त्रणका लागि निर्माण भइरहेको तटबन्धको करिब १३२ मिटर भाग अझै निर्माण हुन बाँकी छ । यही भागबाट नदीको धार बस्ती र नेपाली भूभागतर्फ सोझिन सक्ने भएकाले कटान र डुबानको जोखिम उच्च रहेको उनीहरूको भनाइ छ ।

स्थायी संरचना निर्माणको काम रोकिएपछि नदीको जोखिम तत्काल कम गर्न बनाइएको अस्थायी तटबन्धलाई समेत नारायणीको बढेको बहावले यसअघि नै क्षति पुऱ्याएको स्थानीयको भनाइ छ । अस्थायी संरचना बाढीले बगाएपछि नदीको पानी बस्ती पस्ने जोखिम झनै बढेको हो । स्थायी तटबन्ध निर्माणमा ढिलाइ हुँदा हरेक वर्ष वर्षायाममा सुस्तावासीले यस्तै जोखिम सामना गर्नुपर्ने अवस्था रहेको स्थानीय जनप्रतिनिधिहरू बताउँछन् ।

सुस्ता गाउँपालिका अध्यक्ष टेकनारायण उपाध्यायले यसअघि पनि नदी नियन्त्रणका लागि निर्माणाधीन तटबन्धको काम भारतीय पक्षको अवरोधका कारण रोकिएको विषय सार्वजनिक रूपमा उठाउँदै आएका छन् । स्थानीय जनप्रतिनिधि आदम खानले पनि तटबन्ध निर्माणमा भएको अवरोध र त्यसका कारण उत्पन्न जोखिमबारे पटक-पटक सार्वजनिक रूपमा जानकारी गराउँदै आएका छन् । उनीहरूको भनाइअनुसार तटबन्ध निर्माणका लागि आवश्यक स्थानमा काम अघि बढाउन खोज्दा भारतीय पक्षबाट आपत्ति जनाइएपछि काम रोकिएको हो । यसले सुस्तामा नदी नियन्त्रणको दीर्घकालीन योजना नै प्रभावित भएको स्थानीयको गुनासो छ ।

**सीमा विवादसँग जोडिएको संवेदनशील भूगोल**

सुस्ता बाढी र नदी कटानको समस्या भएको क्षेत्र मात्र होइन, नेपाल-भारत सीमा विवादसँग प्रत्यक्ष जोडिएको संवेदनशील भूगोल पनि हो। नारायणी नदीको धार परिवर्तन, नदी कटान र सीमाङ्कनसँग जोडिएका विषयका कारण सुस्ता लामो समयदेखि नेपाल-भारतबिचको सीमा सम्बन्धी बहसको केन्द्रमा रहँदै आएको छ। नदीले धार परिवर्तन गर्दै नेपाली भूभागतर्फ कटान गर्ने र बस्ती तथा खेतीयोग्य जमिन प्रभावित पार्ने क्रमले स्थानीयको सुरक्षा र भू-स्वामित्वसँग सम्बन्धित चिन्ता थप गहिरो बनाउँदै आएको छ ।

सुस्तावासीका लागि नदी नियन्त्रणको प्रश्न केवल बाढीबाट जोगिने विषयमा सीमित छैन । नदी कटानबाट नेपाली भूमि जोगाउने, सीमावर्ती बस्तीको सुरक्षा गर्ने र सीमा क्षेत्रमा राज्यको उपस्थिति बलियो बनाउने विषयसँग पनि तटबन्ध निर्माण जोडिएको स्थानीयको भनाइ छ । त्यसैले निर्माणाधीन तटबन्धको काम रोकिनुलाई स्थानीयले सामान्य विकास आयोजना अवरुद्ध भएको रूपमा मात्र हेरेका छैनन्। उनीहरूले यसलाई सुस्ताको भूगोल, सीमा सुरक्षा र स्थानीय बस्तीको दीर्घकालीन अस्तित्वसँग जोडेर हेर्दै आएका छन् ।

**बाढी आउँदा उद्धार, बाँध रोकिँदा दीर्घकालीन जोखिम**

हरेक वर्ष वर्षायाममा नारायणीको जलस्तर बढ्दा सुस्ताका बस्तीमा बाढी पस्ने जोखिम रहँदै आएको छ । बाढी आएपछि सुरक्षाकर्मी परिचालन गरेर स्थानीयलाई सुरक्षित स्थानमा सार्ने गरिए पनि नदी नियन्त्रणका लागि स्थायी संरचना निर्माण हुन नसक्दा समस्या दोहोरिने गरेको स्थानीयको गुनासो छ ।

यसपटक पनि सशस्त्र प्रहरीको टोलीले तत्काल उद्धार गरी स्थानीयको ज्यान जोगाएको छ । तर स्थानीयका अनुसार उद्धार मात्रै समस्याको स्थायी समाधान होइन । नदीको कटान नियन्त्रण गर्ने र जोखिमयुक्त क्षेत्रमा तटबन्ध निर्माण सम्पन्न गर्ने काम तत्काल अघि बढाउनुपर्ने उनीहरूको माग छ । नारायणीको पानीको सतह अझै बढिरहेको अवस्थामा सुस्ताका थप बस्ती जोखिममा पर्न सक्ने स्थानीयले बताएका छन् । सशस्त्र प्रहरी बलको थप उद्धार तथा राहत कार्य जारी रहेको छ ।

तटबन्ध निर्माणको बाँकी १३२ मिटर काम कहिले पूरा हुन्छ र त्यसका लागि देखिएको भनिएको अवरोध कसरी हट्छ भन्ने प्रश्न अहिले फेरि सुस्ताको बाढीसँगै सतहमा आएको छ । बाढीले अस्थायी संरचना बगाइसकेको र स्थायी तटबन्ध अधुरै रहेको अवस्थामा सुस्तावासी भने अर्को ठूलो बाढीको त्रासमा छन् ।

## पाल्पामा पहिरोमा बेपत्ता महिला मृत फेला

पाल्पा । पाल्पाको रिब्दीकोट गाउँपालिका-६ धुस्तुङमा पहिरोमा परी बेपत्ता भएकी ५९ वर्षीया कृष्णकुमारी सारु मृत अवस्थामा फेला परेकी छन् ।

गत असोज ९ गते धुस्तुङमा पहिरो जाँदा केही घरमा क्षति पुगेको थियो । सोही पहिरोमा परी सारु बेपत्ता भएकी थिइन् ।

बेपत्ता सारुको खोजीका लागि असोज १० गते जिल्ला प्रहरी कार्यालय पाल्पाबाट प्रहरी अधिकृतसहितको संयुक्त सुरक्षा तथा उद्धार टोली घटनास्थलमा परिचालन गरिएको थियो ।

खोजी गर्ने क्रममा दिउँसो ४ः२५ बजे सोही स्थानमा सारुको शव फेला परेको प्रहरीले जनाएको छ । उद्धार टोलीले शव घटनास्थलबाट निकालेर पोस्टमार्टमका लागि जिल्ला अस्पताल पाल्पातर्फ ल्याउँदै गरेको प्रहरीले जनाएको छ ।

पहिरोका कारण घरमा क्षति पुगेपछि सारु बेपत्ता भएकी थिइन् । उनको खोजीका लागि प्रहरीसहितको सुरक्षा टोलीले घटनास्थलमा खोज तथा उद्धार अभियान सञ्चालन गरेको थियो ।

## रूपन्देहीमा व्यवसायिक 'हरित कृषि केन्द्र' बनाउन सय बिघा जग्गाको खोजी



बुटवल । रुपन्देहीमा व्यवसायिक 'हरित कृषि केन्द्र' बनाउन सय बिघा जग्गाको खोजी थालनी गरिएको छ । तिलोत्तमा नगरपालिकाका संस्थापक नगर प्रमुख एवं रुपन्देही क्षेत्र नम्बर ५ बाट निर्वाचित पूर्व सांसद बासुदेव घिमिरेले करिब सय बिघा क्षेत्रफलमा एकीकृत हरित कृषि केन्द्र स्थापना गर्ने अभियान अघि बढाएका छन् । त्यसका लागि उनले कम्तीमा ३० वर्षका लागि एकै स्थानमा सय बिघा वा सोभन्दा बढी जग्गा खोजी गरिरहेका छन् ।

२० करोड लगानी हुने उक्त परियोजनामा कम्तीमा सय जनाले प्रत्यक्ष रोजगारी पाउने अनुमान छ । घिमिरेले रुपन्देही जिल्लाका विभिन्न पालिका, जग्गाधनी, किसान समूह, सहकारी तथा संघ-संस्थालाई परियोजनाका लागि उपयुक्त जग्गा उपलब्ध गराउन सहकार्यको आह्वान गरेका छन् ।

उनका अनुसार लुम्बिनी, मायादेवी, गैँडहवा, कञ्चन, शुद्धोधन, तिलोत्तमा र सियारीलगायतका स्थानीय तहमा उपलब्ध हुन सक्ने कृषि प्रयोजनका लागि उपयुक्त जमिनको खोजी भइरहेको छ ।

**कृषि उत्पादनदेखि एग्रो टुरिजमसम्म**

घिमिरेले प्रस्ताव गरेको हरित कृषि केन्द्रलाई कृषि उत्पादन गर्ने क्षेत्रका रूपमा मात्र नभई दिगो कृषि, पशुपालन, जैविक उत्पादन, कृषि अनुसन्धान, किसान तालिम, प्रविधि परीक्षण, तरकारी तथा फलफूल खेती, कुखुरापालन, माछा पालन सहित एग्रो टुरिजम र स्थानीय रोजगारी सिर्जनालाई एउटै संरचनामा जोड्ने नमुना परियोजनाका रूपमा विकास गर्ने लक्ष्य राखिएको छ ।

परियोजनाअन्तर्गत आधुनिक तथा दिगो कृषि प्रविधिको प्रयोग गर्दै उत्पादन र उत्पादकत्व वृद्धि गर्ने, पशुपालन तथा कृषि उपजलाई एकीकृत गर्ने र किसानलाई व्यावसायिक कृषितर्फ आकर्षित गर्ने उद्देश्य रहेको घिमिरेको भनाइ छ ।

त्यस्तै, कृषि क्षेत्रमा नयाँ प्रविधि र उत्पादन प्रणालीको परीक्षण, किसान तथा युवालाई सीपमूलक तालिम, जैविक उत्पादनको प्रवर्द्धन तथा कृषि उपजको बजार व्यवस्थापनमा समेत परियोजनाले भूमिका खेल्ने अपेक्षा गरिएको छ ।

घिमिरेले भनेका छन् यो परियोजना कृषि, पशुपालन, अनुसन्धान, तालिम, रोजगारी र एग्रो टुरिजमलाई एउटै ठाउँमा जोडेर नमुना हरित कृषि केन्द्र निर्माण गर्ने उद्देश्य हो ।

**एउटै व्यक्तिको सय बिघा जग्गा आवश्यक छैन**

घिमिरेले परियोजनाका लागि आवश्यक सय बिघा जमिन एउटै व्यक्तिको स्वामित्वमा हुनुपर्ने बाध्यता नरहेको स्पष्ट पारेका छन् । उनका अनुसार धेरै किसानले आफ्नो जग्गा एउटै क्लस्टरमा उपलब्ध गराउन सक्नेछन् । पालिका, निजी जग्गाधनी, किसान समूह, सहकारी वा अन्य संस्थाले संयुक्त रूपमा जग्गा उपलब्ध गराए पनि परियोजना सञ्चालन गर्न सकिनेछ ।

कम्तीमा ३० वर्षका लागि एकै स्थानमा सय बिघा वा सोभन्दा बढी जमिन उपयुक्त दरमा भाडामा उपलब्ध गराउन सक्ने पालिका, व्यक्ति वा संस्थालाई उनले सहकार्यका लागि सम्पर्क गर्न आग्रह गरेका छन् । यसरी किसानको जमिनलाई दीर्घकालीन रूपमा उपयोगमा ल्याएर व्यावसायिक कृषि सञ्चालन गर्न सके स्थानीय किसानले नियमित आम्दानी प्राप्त गर्ने र बाँझो तथा कम उपयोग भएको जमिनलाई उत्पादनसँग जोड्न सकिने उनको विश्वास छ ।

» ***बाँकी २ पेजमा***




# सम्पादकीय

## राष्ट्रसंघमा प्रधानमन्त्री

संयुक्त राष्ट्र संघको ८१औं महासभामा प्रधानमन्त्रीले मुलुकले भोगिरहेको पीडा र समस्याले मिहिन ढंगले उठाउन सफल भएका छन् । भोटेकोसी बाढीबाट नेपालले भोगेको पीडा विश्व माझ सुनाएर उनले विश्व समुदायको ध्यानाकर्षण गराएका छन् । पहिले महासभामा सहभागी नहुने भनेका प्रधानमन्त्री भोटेकोशी बाढीपछि सहभागिता जनाएका हुन् ।

प्रधानमन्त्री साहले नेपालको वास्तविक दुई दुःखका कथाबारे बोलेर विश्व समुदायको ध्यानाकर्षण गर्न सफल भएका छन् । आफूले तातो बनाउँदै नबनाएको जलवायुले प्रहार गरेको त्रासदी र आफूले गर्दै नगरेको युद्धबाट अर्को प्रहार खेप्नुपरेको विषयलाई रोचक ढंगले प्रस्तुत गर्न सफल भए । एउटा देश जो तिर्न चाहन्छ (जलवायु परिवर्तनको क्षतिपूर्ति) उसले तिर्न पाउनुपर्छ, र यो विश्व जसले ७२ घन्टामा जहाँसुकै हतियार पुऱ्याउन सक्छ, त्यसले किसानहरूलाई सामान्य जीवन जिउनलाई नै निरुपाय छोड्न मिल्दैन भन्ने प्रधानमन्त्रीको भनाईको गहिरो भाव छ । महासभाको उद्घाटन सत्रमा संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले करिब ३ वर्षअघि आफूले सगरमाथा क्षेत्रमा उभिएर विश्वको छानो खस्दै गरेको चेतावनी दिए पनि मानिसहरूले त्यसप्रति पर्याप्त ध्यान नदिएको बताए । महासचिव गुटेरेसले भनेझैं प्रधानमन्त्रीले जलवायु परिवर्तनको मारमा नेपाल परेको र त्यस्तो अवस्था नेपालले नभई विश्वका अरु देशका कारण भएको बताए ।

जलवायु परिवर्तनको असरमा ठूला र धनी देशलाई आरोप नलगाई सबैले साझा ढंगले मिलेर अघि बढ्नुपर्ने सन्देश दिएका छन् । कसैलाई आरोप नलगाई विश्वले साझा अभियान चाल्नुपर्ने र हिमालबाट आएका चेतावनीलाई गम्भीर ढंगले सुन्नुपर्ने उनको भनाइ छ ।नेपाललाई भौतिक पुनर्निर्माणका लागि कुल गार्हस्थ उत्पादन (जीडीपी)को १० प्रतिशत आवश्यक छ। यो बेला सन् २०१५ को भूकम्पपछिको पुनर्निर्माणमा जस्तै ऐक्यबद्धता र सहयोगको आवश्यक छ । संयुक्त राष्ट्रसंघको महासभामा प्रधानमन्त्री पुग्दा पुनर्निर्माणका लागि सहयोग जुट्न सहज हुने देखिन्छ । जलवायु परिवर्तनको क्षतिपछिको पुनर्निर्माणका लागि ठूलो ऋण वा टुक्रे अनुदान पर्याप्त नहुने प्रधानमन्त्रीले प्रष्ट पारेका छन् । उनले विश्वबाट अनुदानमा आधारित पर्याप्त सहयोग आवश्यक रहेको बताएर दिल खोलेर सहयोग गर्न आग्रह गरेका छन् । त्यसका लागि क्षति तथा नोक्सानी कोष, विश्वव्यापी वातावरणीय सुविधा र अन्य सम्बन्धित वित्तीय संयन्त्रहरू अझै अपर्याप्त भएकाले थप स्रोतको व्यवस्था गर्नुपर्ने र जलवायु वित्त पाउने प्रक्रियालाई सरलीकरण गर्न ध्यानाकर्षण गराएका छन् ।

संयुक्त राष्ट्र संघको महासभामा बोलेको विषय निर्णायक हुने वा यसबारेमा घनिभूत छलफल भइहाल्ने भने होइन्, तर यहाँ बोलेका विषयले अन्तराष्ट्रिय समुदायमाझ ध्यानाकर्षण गराउँछन् । प्रधानमन्त्रीले नेपालको चासो र सरोकारलाई ध्यानाकर्षण गराउन सफल भएका छन् । प्रधानमन्त्रीले महासभामा नेपालले भोगेको समस्याबारे मिहिन ढंगले समस्या राखेर विषयवस्तु जति दरिलो राखे, प्रस्तुतीमा केही समस्या अवश्य देखियो । यसले विषयवस्तुको तयारीझैं प्रस्तुतीको तयारीमा ध्यान दिन सकेको भए अझै उत्कृष्ट हुन सक्थ्यो । अझ महासभामा सहभागी विभिन्न मुलुकको नेतृत्वसँग साइडलाइन वार्ता गर्न सकेको भए अर्थपूर्ण हुनसक्थ्यो । कुटनीतिमा यस्ता साइडलाइन वार्ताको पनि महत्वपूर्ण भूमिका हुन्छ ।

# जलवायु न्यायको पुकार



डा.शोभाकर पराजुली



"तीन वर्षअघि नेपालबाट विश्वको छानो भत्किँदै छ । हिमाली क्षेत्रमा हिमनदी तीव्र गतिमा पग्लिने क्रममा रहेको चेतावनी दिएको थिएँ । केहीले त्यसलाई खतराको बढाइचढाइ गरिएको भन्दै बेवास्ता गरे तर हालैका दुःखद घटनाले देखाए झैँ प्रभावहरू धेरैले अनुमान गरेभन्दा चाँडो आइरहेका छन्, अझ गम्भीर हुँदै गएका छन् र अझ व्यापक रूपमा फैलिरहेका छन् ।"

संयुक्त राष्ट्रसङ्घको ८१ औं महासभालाई सम्बोधन गर्दै महासचिव एन्टेनियो गुटेर्रेसले एउटा गम्भीर कुरा भन्नुभएको छ- "सबैभन्दा बढी प्रदूषण गर्ने र त्यसबाट सबैभन्दा बढी नाफा कमाउनेहरूले आफूले पुऱ्याएको क्षतिको क्षतिपूर्ति गर्न अझ धेरै काम गर्नु पर्छ । प्रदूषण गर्नेहरूले त्यसको मूल्य चुकाउनु पर्छ र उनीहरूलाई जवाफदेही बनाउन काम गरिरहेका नेता, सहर, नागरिक समाज र नागरिकलाई म भन्छु,



तपाईंहरू इतिहासको सही पक्षमा हुनुहुन्छ । आफ्नो काम जारी राख्नुहोस् ।"

तीन वर्षअघि गुटेर्रेस आफैँ नेपाल भ्रमणमा आउनुभएको थियो । उहाँको त्यो भ्रमण जलवायु परिवर्तनसम्बन्धी २८ औं विश्व सम्मेलनको पूर्वसन्ध्यामा थियो । त्यो बेला उहाँ अन्नपूर्ण हिमालको छेउ पुग्नुभयो र सचेत गराउने क्रममा त्यहाँबाटै पूरै विश्वका नेताहरूलाई भन्नुभयो, "यो पागलपन बन्द गर ।" अर्थात् उहाँले यो पूरै विश्वलाई विम्बात्मक शैलीमा गम्भीर सन्देश दिनुभएको थियो- औद्योगिक क्रान्तिको होडबाजी अर्थात् त्यसको पागलपनले गर्दा पृथ्वी अब तातिएर पनि उम्लिने बेला भइसकेको थियो । नभन्दै यसपालि भोटेकोशीले त्यसको गम्भीर परिणाम सारा विश्वलाई देखाइदिएको छ । त्योभन्दा धेरै नेपालले इतिहासमै सबैभन्दा ठुलो मानवीय मूल्य चुकाउनु परेको छ । यसपालि राष्ट्रसङ्घीय महासभामा फेरि गुटेर्रेसले मानवकृत्यजन्य जलवायु परिवर्तनका कारण नेपालले चुकाइरहेको चर्को मानवीय मूल्य र विश्वले तिर्नुपर्ने क्षतिभरणका विषयमा एक पटक गम्भीर विषय उठान गर्नुभएको छ । उहाँले उठाउनुभएको यो विषय केवल नेपाल जस्ता जोखिममा रहेका देशका लागि सहानुभूति वा समवेदना मात्रै होइन बरु सारा विश्वका लागि एउटा गम्भीर चेतावनी पनि हो ।

विश्वमा कैयौँ यस्ता देश छन्; जसको औद्योगिक क्रान्ति र अझ पनि जीवाश्म इन्धनको मूर्खतापूर्ण प्रयोगका कारण उत्सर्जित हरित ग्यासका कारण पृथ्वीको सतह मात्रै होइन, समुद्रसमेत तातिइरहेको छ । यसका कारण प्राकृतिक चक्रमा पटक पटक यस्ता आपत्विपत् आइरहन्छन् अनि त्यसको चर्को मूल्य भने नेपाल जस्ता देशले चुकाइरहनु परेको छ । यो यथार्थलाई विश्वका धनी देशले अझै स्वीकार गर्न सकेका छैनन् । विश्व तथ्याङ्कलाई आधार मान्ने हो भने नेपालले विश्वव्यापी हरितगृह ग्यास उत्सर्जनमा केवल ०.०२५ प्रतिशत मात्र योगदान गर्छ तर 'जर्मनवाच' को 'ग्लोबल क्लाइमेट रिस्क इन्डेक्स' अनुसार नेपाल जलवायु परिवर्तनको अति जोखिममा रहेका शीर्ष १० देशको सूचीमा पर्छ । अर्थात् अरूले गरेको कृत्यका कारण हामीले अनाहकमा त्यसको मार खेप्नु परेको छ । गुटेर्रेसले भन्नुभए जस्तै नेपालका हिमाल मात्रै हिउँका थुप्रो वा चुचुरो होइनन्, यी भनेका विश्वकै छाना हुन् । यसले यो सिङ्गो पृथ्वीलाई शीतल प्रदान गर्दै आएका छन् । यी हिमाल भनेका आधा विश्वको जनसंख्या र करोडौं प्राणीजगत्का लागि पिउने पानीका आधार हुन् । सिँचाइका मुहानहरू हुन् । अर्थात् सिङ्गो पर्यावरणीय चक्रको विशाल छानो यिनै हिमालहरू हुन् । विश्वका सबैभन्दा अग्ला हिमशृङ्खलाहरू नेपालमै छन् । त्यसैले पनि पृथ्वीको तातोपनाले सिधा छुने भनेकै यिनै चुचुराका हिउँमण्डल हुन् तर विश्वको त्यही 'पागलपन' का कारण हाम्रा हिमालहरू निरन्तर निख्रिँदै जान थालेका छन् । सेता हिमचुचुराहरू अब हिउँ सकिएर काला हुन थालेका छन् ।

अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) को अध्ययन अनुसार हिन्दकुश-हिमालय क्षेत्रका हिमनदीहरू सन् २०११ देखि २०२० को अवधिमा त्यसअघिको दशकभन्दा ६५ प्रतिशत तीव्र गतिमा पग्लिएका छन् । विश्वव्यापी तापमान वृद्धि १.५ डिग्री सेल्सियसमा सीमित गरियो भने पनि यस क्षेत्रका एक तिहाइ हिमनदीहरू यसै शताब्दीको अन्त्यसम्ममा बिलाउने छन् । दुई डिग्री वा सोभन्दा बढी तापक्रम बढेमा दुई तिहाइ हिमनदीहरू लोप हुने जोखिम छ । तीमध्ये धेरै जसो हिममण्डल नेपालमै छन् । नेपालमा तीन हजार २५२ भन्दा बढी हिमनदी र दुई हजार ३२३ भन्दा बढी हिमताल छन् । तीमध्ये कम्तीमा २१ वटा हिमताल जुनसुकै बेला विस्फोट हुन सक्ने गरी अति जोखिमपूर्ण अवस्थामा छन् । प्रत्यक्ष असर मनाङ, मुस्ताङ, सोलुखुम्बुका स्थानीय समुदायले हिमताल फुट्ने र अचानक आउने बाढीका कारण गाउँका गाउँ विस्थापित हुनु परेको छ । भोटेकोशीको बाढी र त्यसपछिको क्षति त्यसकै कठोर झलक हो । जहाँ हामीले हजारौँ अमूल्य जीवन गुमाएका छौँ । कैयौँ भौतिक सम्पत्तिको क्षति बेहोरेका छौँ । हजारौँ जीवनको अझै अत्तोपत्तो छैन । एक युगमा हामीले भोगेको यो अहिलेसम्मको सबैभन्दा भयानक र दर्दनाक विपत् हो तर यो अब मात्रै प्राकृतिक विपत् रहेन; हामीले भोगेको क्षति र हिमालय क्षेत्रमा बर्सौंदेखि भइरहेको 'मौन हलचल' बाटै यस्तो स्थिति उत्पन्न भएको हो भनेर धेरै वैज्ञानिक अध्ययन अनि विश्लेषणले देखाइसकेका छन् ।

त्यसकारण पनि अब हामीले कत्ति पनि ढिला नगरेर भन्नु पर्छ- हामीले चुकाएको जीवनको मूल्य यो विश्वले तिर्नै पर्छ । त्यसको मूल्य मात्रै केही अर्ब वा खर्ब पैसा मात्रै होइन; बरु पृथ्वीलाई अझ तातो नबनाउने र हाम्रा हिमालका हिउँ बचाउने एउटा वाचा पनि हो । यही एउटा वैश्विक प्रतिज्ञाले नै हाम्रो जीवनको मूल्यलाई स्थापित गर्न सक्छ। त्यसैले हामीले महासचिव गुटेर्रेसले भने जस्तै राष्ट्रसङ्घमा मात्रै होइन, अबको डेढ महिनापछि हुने वैश्विक जलवायु सम्मेलनमा पनि भन्नु पर्छ- प्रदूषण गर्नेहरूले त्यसको मूल्य चुकाउनु पर्छ। यो एउटा क्षति हुने र त्यसको भरण गर्ने परम्परा मात्रै होइन; बरु अन्तर्राष्ट्रिय पर्यावरणीय कानुनको मूल मर्म र त्यसको कार्यान्वयनको एक बलियो प्रमाण पनि हुने छ ।

त्यसका लागि हामीसँग हामीले गुमाएका जीवनका सूची मात्रै छैनन्, हामीले भेट्न नसकेका प्रियजनका नामहरू मात्रै छैनन्, हामीसँग भोटेकोशीले खोसेका खर्बौंका भौतिक संरचना मात्रै छैनन्; बरु नेपाल अनि नेपालीले अनाहकमै माटोमा मिलाउनु परेका कैयौँ सपना छन् । भोटेकोशीसँगै बगेर आएका माटो र ढुङ्गाका अजङ्गका पहाडहरूसँगै उसले उप्काएका घाउका आला माम्राहरू पनि छन् । यी मात्रै हाम्रा भावना, समवेदना अनि मात्रै संवेगका कुरा होइनन्; अन्तर्राष्ट्रिय रूपमा नेपाल जस्तै देशका लागि न्याय पाउनुपर्ने गरी यही विश्वका नेताले हस्ताक्षर गरेका धेरै वैश्विक कानुन पनि छन् । जस्तो कि रियो घोषणा स्पष्ट रूपमा 'प्रदूषण गर्नेले मूल्य तिर्नुपर्ने' सिद्धान्तलाई स्थापित गरेको छ; जस अनुसार पर्यावरण नोक्सानी पुऱ्याउने पक्षले नै त्यसको नियन्त्रण र पुनर्स्थापनाको खर्च बेहोर्नु पर्छ । संयुक्त राष्ट्रसङ्घकै जलवायु परिवर्तनसम्बन्धी रूपरेखा ढाँचाको धारा ३.१ ले 'साझा तर फरक जिम्मेवारी र आफ्नो क्षमता अनुसारको दायित्व' भन्ने एउटा सिद्धान्त प्रतिपादन गरेको छ । यसको मर्म भनेको धनी र औद्योगिक राष्ट्रहरूले पर्यावरणीय चक्र नै बिथोल्ने गरी अधिक उत्सर्जन गरेकाले जलवायु वित्त उपलब्ध गराउने उनीहरूको मुख्य दायित्व हो भन्ने कुरा सम्झाउनु र त्यसलाई स्थापित गर्नु हो । त्यस्तै पेरिस सम्झौताको धारा ९ ले विकसित देशहरूले विकासोन्मुख देशलाई अनुकूलन र न्यूनीकरणका लागि वित्तीय सहायता प्रदान गर्नुपर्ने कानुनी र नैतिक प्रतिबद्धता जनाएको छ भने धारा ८ ले 'हानि र क्षति' को मुद्दालाई स्वीकार गरेको छ । यी सब अन्तर्राष्ट्रिय सन्धि, सम्झौता र कानुनहरू भनेका नेपालले आफ्नो अधिकारका लागि कसैसँग हात फैलाइरहनु पर्दैन भन्ने आधारहरू हुन् ।

जलवायु परिवर्तनको मुद्दा चाहिँ आफैँमा वैश्विक राजनीति हो । नेपाल जस्ता देशले यहीँनेर आफ्नो अधिकार स्थापित गर्ने कि सहयोगका हातहरू फैलाउने ? त्यसबारे प्रस्ट हुन जरुरी छ । अर्थात् यो महाविनाशकारी भोटेकोशी प्रलयपछि नेपाललाई एउटा यस्तो अवसर छ; जहाँबाट हामीले विश्वको दायित्व सम्झाउन सक्छौँ अनि नेपाल जस्ता देशका लागि अधिकार पनि स्थापित गर्न सक्छौँ । गोपबाट

---

**नेपाल** ...

उनले हिमाली क्षेत्रमा बढ्दो जोखिमप्रति अन्तर्राष्ट्रिय समुदायको ध्यानाकर्षण गराउँदै जलवायु संकट सिर्जना गर्न कम योगदान गरेका नेपालजस्ता देशले त्यसको ठूलो मूल्य चुकाइरहेको बताएका थिए ।

साथै, 'जलवायु परिवर्तनले सीमा चिन्दैन' भन्दै हिमनदी पग्लिने, पहिरो र बाढीजस्ता जोखिम नेपालसँगै चीन र भारतसम्म फैलिएको उनले बताएका थिए ।

प्रधानमन्त्री शाहले जलवायु न्यायलाई आर्थिक सहयोगमा मात्रै सीमित गर्न नहुने धारणा राखेका थिए ।

उनले हिमाली समुदाय, साना टापु राष्ट्र, भूपरिवेष्टित तथा अति कम विकसित देश र भावी पुस्ताको आवाजलाई पनि अन्तर्राष्ट्रिय निर्णय प्रक्रियामा समान महत्त्व दिनुपर्ने बताएका थिए ।

**संकट**...

विश्वव्यापी स्वास्थ्य सुरक्षाको आधार समानता हुनुपर्ने, महामारी तयारीका लागि दिगो वित्तीय स्रोत सुनिश्चित गर्नुपर्ने, विश्व स्वास्थ्य सङ्गठनलाई केन्द्रमा राख्दै बहुपक्षीय सहकार्य र विकासशील मुलुकको अर्थपूर्ण प्रतिनिधित्व सुदृढ गर्नुपर्ने, 'सम्पूर्ण सरकार, सम्पूर्ण समाज र एक स्वास्थ्य (वान हेल्थ)' अवधारणामार्फत समुदायलाई तयारीको केन्द्रमा राख्नुपर्ने र युवालाई साझेदार, नवप्रवर्तक तथा भावी नेतृत्वका रूपमा समेट्दै महामारी तयारीलाई अन्तरपुस्तीय बनाउनुपर्नेमा उनले जोड दिएको परराष्ट्रमन्त्रीको सचिवालयले जनाएको छ ।

परराष्ट्रमन्त्री खनालले विश्व समुदायले सङ्कट आएपछि मात्र प्रतिक्रिया जनाउने अभ्यासबाट रोकथामको संस्कृतितर्फ अघि बढ्नुपर्नेमा जोड दिए ।

'सङ्कट आएपछि प्रतिक्रिया दिने हाम्रो शैलीलाई पहिले नै रोकथामको संस्कृतितर्फ अघि बढ्नुपर्छ ।'-उनले भने ।

उत्थानशील स्वास्थ्य प्रणाली, दक्ष स्वास्थ्यकर्मी, रोग निगरानी, प्रारम्भिक चेतावनी प्रणाली, अनुसन्धान तथा समुदायस्तरीय तयारीमा लगानी बढाउन आह्वान गर्दै कुनै पनि देश र कुनै पनि पुस्ता पछाडि नपर्ने गरी सुरक्षित, समतामूलक र उत्थानशील विश्व निर्माणका लागि सहकार्य गर्न आग्रह गरे ।

**रूपन्देहीमा** ...

**उद्यमशील पृष्ठभूमिबाट कृषि अभियान**

घिमिरे सार्वजनिक जीवनसँगै उद्यम तथा व्यवसाय क्षेत्रमा समेत संलग्न रहँदै आएका व्यक्ति हुन् । तिलोत्तमा नगरपालिकाको संस्थापक नगर प्रमुखका रूपमा स्थानीय तहको सफल नेतृत्व गरेका घिमिरे २०७९ को निर्वाचनमा संघीय संसदमा रुपन्देही-५ को प्रतिनिधित्व गरेका थिए ।

व्यवसायिक क्षेत्रमा उनले टुलिप होटल सञ्चालन गर्दै आएका छन् । यसअघि रियल-इस्टेट व्यवसायमा समेत काम गरेको उनको व्यावसायिक पृष्ठभूमि रहेको छ। स्थानीय तहको नेतृत्व, राजनीतिक अनुभव र व्यवसायिक क्षेत्रको अनुभवलाई कृषि उद्यमसँग जोडेर ठूलो आकारको कृषि परियोजना अघि बढाउने उनको प्रयासका रूपमा यो अभियानलाई हेरिएको छ ।

घिमिरेले कृषि क्षेत्रलाई परम्परागत खेती प्रणालीमा सीमित नराखी उत्पादनसँगै प्रशोधन, बजार, पर्यटन, रोजगारी र अनुसन्धान जोड्ने गरी व्यावसायिक मोडलमा विकास गर्नुपर्नेमा जोड दिएका छन् । उनका अनुसार रुपन्देहीमा कृषि उत्पादनको ठूलो सम्भावना रहे पनि जमिनको खण्डीकरण, आधुनिक प्रविधिको सीमित प्रयोग, उत्पादनको बजार व्यवस्थापन तथा युवाको कृषि क्षेत्रप्रतिको घट्दो आकर्षणजस्ता चुनौती छन् । यस्ता समस्यालाई एकीकृत परियोजनामार्फत् सम्बोधन गर्न सकिने उनको धारणा छ ।

**किसानदेखि युवासम्मलाई जोड्ने लक्ष्य**

हरित कृषि केन्द्र स्थापना भएपछि स्थानीय किसानलाई उत्पादनसँग जोड्नुका साथै युवालाई कृषि उद्यममा आकर्षित गर्ने योजना रहेको घिमिरेले बताएका छन् ।

कृषि तथा पशुपालनसँग सम्बन्धित सीप र प्रविधिको तालिम, आधुनिक खेती प्रणालीको प्रदर्शन, जैविक उत्पादन, कृषि अनुसन्धान तथा व्यावसायिक कृषि उद्यम सञ्चालनका लागि केन्द्रलाई उपयोग गर्ने लक्ष्य राखिएको छ ।

त्यसैगरी कृषि उत्पादनलाई पर्यटकीय गतिविधिसँग जोडेर एग्रो टुरिजमको गन्तव्यका रूपमा समेत विकास गर्न सकिने उनको भनाइ छ । यसबाट स्थानीय उत्पादनको खपत बढ्नुका साथै होटल, यातायात, सेवा तथा अन्य व्यवसायमा समेत आर्थिक गतिविधि विस्तार हुने अपेक्षा गरिएको छ । घिमिरेले परियोजना सफल बनाउन स्थानीय तह, किसान, सहकारी, निजी क्षेत्र र सम्बन्धित सरोकारवालाबीच सहकार्य आवश्यक रहेको बताएका छन् ।

"जमिन उपलब्ध गराउने व्यक्ति वा संस्था मात्र होइन, कृषि क्षेत्रमा काम गर्न चाहने किसान, युवा, सहकारी, निजी क्षेत्र र स्थानीय तह सबैलाई यो अभियानमा जोड्न चाहेका छौं। सामूहिक प्रयासबाट कृषि उत्पादन, रोजगारी र स्थानीय अर्थतन्त्रलाई बलियो बनाउन सकिन्छ," घिमिरेले अपीलमा भनेका छन् ।

**लगानी र रोजगारीको नयाँ आधार बन्ने अपेक्षा**

सय बिघा क्षेत्रफलमा एकीकृत कृषि केन्द्र सञ्चालनमा आएमा ठूलो परिमाणमा कृषि तथा पशुजन्य उत्पादन गर्न सकिने र त्यससँगै प्रत्यक्ष तथा अप्रत्यक्ष रोजगारी सिर्जना हुने अपेक्षा गरिएको छ ।

कृषि उत्पादनसँगै प्रशोधन, भण्डारण, प्याकेजिङ, बजारीकरण, कृषि पर्यटन तथा सेवा क्षेत्र जोडिँदा स्थानीय स्तरमै रोजगारीका अवसर सिर्जना हुने घिमिरेको विश्वास छ ।

उनले रुपन्देहीका सम्बन्धित पालिका प्रमुख, जग्गाधनी, किसान समूह, सहकारी तथा संघ-संस्थालाई परियोजनाका लागि सम्भावित जग्गा उपलब्धताबारे जानकारी गराउन र सहकार्यका लागि अघि आउन आग्रह गरेका छन् ।

सय बिघा वा सोभन्दा बढी जग्गा दीर्घकालीन रूपमा उपलब्ध गराउन सक्ने इच्छुक पालिका, व्यक्ति वा संस्थासँग सहकार्य गरेर परियोजनाको विस्तृत मोडल अघि बढाइने घिमिरेले बताएका छन् ।

# राष्ट्रिय गौरवका आयोजना कार्यान्वयनमा 'कछुवा गति', कुन अड्कियो कहाँ ?



नेपाल सरकारले २७ आयोजनालाई राष्ट्रिय गौरवका आयोजनामा सूचीकृत गरेको छ। जसमध्ये ३ आयोजना सम्पन्न भएर सञ्चालनमा आइसकेका छन् भने २४ निर्माणाधीन छन् । निर्माणाधीन सबैजसो आयोजनाको गति दयनीय रहेको राष्ट्रिय योजना आयोगको पछिल्लो प्रगति विवरणले देखाएको छ । आयोगका अनुसार निर्माणाधीन सबैजसो आयोजनाको आर्थिक वर्ष २०८१/८२ को तुलनामा २०८२/८३ को प्रगति उल्लेख्य छैन । जसले गर्दा कुनै पनि आयोजना तत्काल सम्पन्न भई सञ्चालनमा आउन सक्ने अवस्था समेत देखिँदैन ।

आयोगका अनुसार नेपालमा आव २०४५/४६ देखि सुरु भएका आयोजना राष्ट्रिय गौरवका आयोजनामा सूचीकृत छन् । दुई दर्जन आयोजनामध्ये कतिपय आयोजना सम्पन्न हुने मिति स्वयं सरकारलाई समेत थाहा छैन । यसरी आयोजना कार्यान्वयनमा समस्या आउने गरी दुष्चक्रमा फस्नुमा पूर्वतयारी नभई आयोजनाको काम थाल्नु, वातावरणसँग सम्बन्धित कानुनी अड्चन, निर्माण सामग्री अभाव, स्थानीयसँगको तनाव तथा स्रोत र निर्माण मोडाटिली नै तय गर्न नसक्नुजस्ता कारण छन् ।

**महाकाली सिँचाइ : १९ वर्षमा ३१ प्रतिशत भौतिक प्रगति**

महाकाली सिँचाइ आयोजना २०६३/६४ देखि सुरु भएको हो । आयोगका अनुसार २०८२/८३ सम्म यो आयोजनाको भौतिक प्रगति ३१ प्रतिशतमात्र छ । अघिल्लो आव २०८१/८२ सम्म २६.६५ प्रतिशत भौतिक प्रगति थियो ।

यो आयोजना २०८७/८८ मा सक्ने लक्ष्य सरकारको छ । सुरु लागत ३५ अर्ब २ करोड रुपैयाँ रहेको यो आयोजनामा लागत संशोधन भएको देखिँदैन । अहिलेसम्म आयोजनाले १० अर्ब ७१ करोड खर्च गरिसकेको छ । जस अनुसार वित्तीय प्रगति ३०.६ प्रतिशत हुन आउँछ ।

**रानी जमरा कुलरिया सिँचाइ आयोजना : दोब्बरभन्दा धेरै बढ्यो लागत**

रानी जमरा कुलरिया सिँचाइ आयोजना २०६६/६७ देखि कार्यान्वयन सुरु भएको हो । यो आयोजनाको गत आवसम्मको भौतिक प्रगति ७४.८ प्रतिशत छ । यो आयोजना सम्पन्न गर्ने लक्ष्य २०८७/८८ सम्म तोकिएको छ । यो आयोजनाको लागत सुरु अनुमानभन्दा दोब्बर धेरैले बढेको छ ।

आयोगका अनुसार यो आयोजनाको सुरु लागत १२ अर्ब ३७ करोड हो । अहिले संशोधित लागत अनुमान २८ अर्ब ७८ करोड बराबर पुगेको छ । २०८१/८२ सम्म भौतिक प्रगति ७१.९२ प्रतिशत रहेकोमा अघिल्लो आवमा सामान्य वृद्धि भएको छ । यो आयोजनाले अहिलेसम्म २१ अर्ब ३२ करोड खर्च गरिसकेको छ ।

**बबई सिँचाइ आयोजना : ३८ वर्षमा पनि सकिएन निर्माण**

बबई सिँचाइ आयोजना कार्यान्वयन २०४५/४६ देखि सुरु भएको हो । कार्यान्वयन सुरु भएको ३८ वर्षमा यसको भौतिक प्रगति ८१.९७ प्रतिशतमात्र छ । आयोजनाको संशोधित लक्ष्य २०८५/८६ छ । सुरु लागत २ अर्ब ८७ करोड रहेको यस आयोजनाको संशोधित लागत २६ अर्ब ६९ करोड पुगेको छ ।

आव २०८१/८२ सम्म यो आयोजनाको भौतिक प्रगति ७२.७२ प्रतिशत थियो । यस आयोजनाले अहिलेसम्म १८ अर्ब २१ करोड अर्थात् संशोधित लागत अनुमानको ६८.२३ प्रतिशत खर्च गरिसकेको छ ।

**भेरी–बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना : दोब्बर बढ्यो लागत**

यो आयोजना कार्यान्वयन २०६८/६९ देखि सुरु भएको हो । अहिलेसम्म आयोजनाको भौतिक प्रगति ६७ प्रतिशत छ । तर, आयोजनाको लागत भने दोब्बर बढेको छ । सुरुवाती लागत १६ अर्ब ४३ करोड रहे पनि संशोधित लागत अनुमान ३३ अर्ब १९ करोड रहेको छ ।

आव २०८१/८२ सम्म ६२.३२ प्रतिशत रहेको भौतिक प्रगति गत आवमा सामान्य बढेको हो । यो आयोजनाले अहिलेसम्म १९ अर्ब २९ करोड खर्च गरिसकेको छ । जुन संशोधित लक्ष्यको ५८.१३ प्रतिशत हो ।

**सिक्टा सिचाइ : २१ वर्षमा आधामात्र प्रगति**

सिक्टा सिँचाइ आयोजना कार्यान्वयन २०६१/६२ देखि सुरु भएको हो । कार्यान्वयन थालिएको दुई दशकमा ५१ प्रतिशतमात्र भौतिक प्रगति भएको छ । आयोजना सम्पन्न हुने संशोधित लक्ष्य २०८९/९० राखिएको छ । यो आयोजनाको २०८१/८२ सम्मको भौतिक प्रगति ४४.२३ प्रतिशतमात्र थियो ।

आयोजनाको सुरुवाती लागत ४६ अर्ब १९ करोड थियो । अहिले लागत बढेर ५२ अर्ब ८९ करोड पुगेको छ । आयोजनाले अहिलेसम्म २४ अर्ब ३३ करोड खर्च गरेको छ । जुन संशोधित अनुमानको ४६ प्रतिशत वित्तीय प्रगति हो ।

**सुनकोशी मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजना : ३७ प्रतिशतमात्र भौतिक प्रगति**

सुनकोशी मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजना कार्यान्वयन २०७६/७७ देखि सुरु भएको हो । २०८२/८३ सम्म आयोजनाको भौतिक प्रगति ३७.८१ प्रतिशतमात्र छ । यो आयोजना निर्माण सक्ने लक्ष्य २०८९/९० पुर्‍याइएको छ । सुरुवाती लागत ४९ अर्ब ४२ करोड रहेको आयोजनाको लागत बढेर ६१ अर्ब ६५ करोड पुगिसकेको छ ।

आव २०८१/८२ सम्म ३६.८३ प्रतिशत भौतिक प्रगति रहेको आयोजनामा गत आवदेखि काम हुन नसकेको विवरणबाट देखिन्छ । सरकारले पुरानो ठेक्का तोडेर नयाँ प्रक्रियामा गएपछि आयोजनाको काम प्रभावित बनेको छ । अहिलेसम्म यो आयोजनाले १६ अर्ब ८१ करोड बजेट खर्च गरिसकेको छ ।

**बुढीगण्डकी जलविद्युत् आयोजना : भौतिक निर्माण चरणमै पुगेन**

सरकारले लामो समयदेखि निर्माण योजना बनाएको यो आयोजना अझै पनि भौतिक निर्माणको चरणमा पुगेको छैन । मुआब्जा वितरण सहित कामले प्रगति १६.५५ प्रतिशत हाराहारी पुगेको देखाएको छ । यो आयोजना कार्यान्वयन गरिसक्ने मिति २०९२/९३ तोकिएको छ ।

यो आयोजना निर्माणमा ४ खर्ब ६ अर्ब रुपैयाँ लाग्ने अनुमान छ । अहिलेसम्म ४२ अर्ब ८० करोड खर्च भइसकेको छ । जुन कुल लागतको १०.५४ प्रतिशत बराबर हो । निर्माण र स्रोतको मोडालिटी नटुङ्गिएका कारण यो आयोजना निर्माणको चरणमा कहिले छिर्छ भन्ने अन्योल कायमै छ ।

**एमसीए नेपाल (विद्युत् प्रसारण आयोजना) : सक्ने मिति नजिकिँदा १८ प्रतिशतमात्र प्रगति**

मिलेनियम च्यालेन्ज एकाउन्ट नेपाल-एमसीए (विद्युत प्रसारण आयोजना) कार्यान्वयन २०७४/७५ देखि सुरु भएको हो । यो आयोजना सम्पन्न हुने मिति २०८५/८६ हो । तर, आयोजनाको भौतिक प्रगति १८.२४ प्रतिशतमात्र पुगेको छ । यो आयोजनाको सुरुवाती लागत ६३ करोड अमेरिकी डलर रहेकोमा अहिले बढेर ७४ करोड ७० लाख डलर पुगेको छ । २०८१/८२ सम्म ११.२७ प्रतिशतमात्र भौतिक प्रगति भएको थियो । अहिलेसम्म आयोजनाले १८ करोड २४ लाख डलर बजेट खर्च गरिसकेको छ ।

**पश्चिम सेती जलविद्युत् आयोजना : कागजी प्रक्रियामै सीमित**

नेपालको महत्त्वाकांक्षी परियोजनामध्ये एक पश्चिम सेती जलविद्युत् आयोजनालाई समेत सरकारले राष्ट्रिय गौरवको आयोजनामा समावेश गरेको छ । यो आयोजना सन् २०३० सम्म सक्ने लक्ष्य छ । यद्यपि, अहिलेसम्म आयोजना कागजी प्रक्रियामै सीमित छ । झन्डै २ खर्ब रुपैयाँ लागत अनुमान गरिएको आयोजनाले गति भने लिन सकेको छैन ।

**राष्ट्रपति चुरे संरक्षण आयोजना : एक दशकमा ६.७ प्रतिशत प्रगति**

राष्ट्रपति चुरे संरक्षण आयोजना आव २०७१/७२ देखि कार्यान्वयन सुरु भएको हो । कार्यान्वयन सुरु भएको एक दशक नाघ्दा यो आयोजनाको भौतिक प्रगति ६.७ प्रतिशतमा सीमित छ । २०८१/८२ मा ६.५५ प्रतिशत प्रगति थियो । अर्थात्, एक वर्षमा यो आयोजनामा खासै प्रगति हुन सकेन ।

आयोजना २०९३/९४ सम्म सक्ने गरी लक्ष्य तोकिएको छ । आयोगका अनुसार यो २० वर्षे गुरुयोजना अनुसार तोकिएको लक्ष्य हो । यस आयोजनामा कुल २ खर्ब ४९ अर्ब ७० करोड बराबर बजेट खर्च गर्ने योजना छ । अहिलेसम्म १६ अर्ब ४२ करोड खर्च भइसकेको छ ।

**सुरु लागतको तुलनामा दोब्बर खर्चमा बन्यो मेलम्ची खानेपानी आयोजना**

मेलम्ची खानेपानी आयोजनाको पहिलो चरणको काम अब सम्पन्न हुने अवस्थामा छ । यद्यपि, पटक-पटक आउने बाढीले आयोजना पूर्ण भएको घोषणा गर्न सक्ने अवस्था बनेको छैन । पछिल्लो समय १ असोज २०७८ को बाढीले हेडवर्क्समा क्षति गरेपछि आयोजनाको काम प्रभावित बनेको हो । अहिले भौतिक प्रगति ९९ प्रतिशत पुगेको भए पनि वर्षायाममा नियमित खानेपानी काठमाडौं ल्याउने अवस्था बनेको छैन ।

यो आयोजना सुरु लागतको तुलनामा दोब्बर खर्चमा निर्माण भएको हो । आव २०५५/५६ देखि निर्माण सुरु भएको आयोजनाको सुरु लागत १७ अर्ब रुपैयाँ थियो । तर, संशोधित लागत ३७ अर्ब ६८ करोड पुगेको छ । यस आयोजनाले अहिलेसम्म ३१ अर्ब १४ करोड खर्च गरिसकेको राष्ट्रिय योजना आयोगको तथ्यांक छ ।

**काठमाडौं उपत्यका थोक खानेपानी प्रसारण आयोजना (दोस्रो) : ७ वर्षमा ५ प्रतिशत काम**

काठमाडौं उपत्यका थोक खानेपानी प्रसारण आयोजना (दोस्रो) कार्यान्वयन सुरु भएको ७ वर्ष पुगेको छ । आव २०७५/७६ देखि यो आयोजना थालिएको हो । आयोगका अनुसार २०८२/८३ सम्म यस आयोजनाको भौतिक प्रगति ५.३५ प्रतिशतमा सीमित देखिन्छ । यो आयोजना सम्पन्न गर्ने अनुमानित समय २०८५/८६ हो । कुल लागत ३८ अर्ब ४३ करोड रहेको आयोजनाले अहिलेसम्म १ अर्ब ९० करोड खर्च गरिसकेको तथ्यांक आयोगको छ ।

**पुष्पलाल (मध्यपहाडी) राजमार्ग : १८ वर्षमा ८५ प्रतिशत भौतिक काम**

पूर्व-पश्चिम मध्यपहाडी राजमार्गको कामसमेत विभिन्न स्थानमा अलपत्र छ । जसले गर्दा कार्यान्वयन सुरु भएको दुई दशकसम्म पनि आयोजनाको भौतिक प्रगति ८४.६८ प्रतिशतमा सीमित छ । यो आयोजना २०६४/६५ देखि सुरु भएको हो । आयोजनाको सुरु लागत ३३ अर्ब ३६ करोड थियो ।

आव २०८४/८५ सम्म सम्पन्न गर्ने संशोधित लक्ष्य राखिएको यो आयोजनाको लागत समेत बढेर ८४ अर्ब ३३ करोड पुगिसकेको छ । यो आयोजनाले २०८२/८३ सम्म ७३ अर्ब ५८ करोड खर्च गरिसकेको छ ।

**सुस्त गतिमा हुलाकी राजमार्ग**

हुलाकी राजमार्ग आयोजनाको कार्यान्वयन २०६६/६७ देखि सुरु भएको हो । २०८२/८३ सम्म भौतिक प्रगति ७४.४१ प्रतिशत पुगेको छ । यो आयोजना सम्पन्न गर्ने मिति २०८६/८७ तोकिएको छ । सुरु लागत ४७ अर्ब २४ करोड रहेको आयोजनाको लागत बढेर १ खर्ब १ अर्ब ९३ करोड पुगिसकेको छ । आयोजनाले गत आवसम्म ७३ अर्ब ३८ करोड खर्च गरिसकेको छ । अघिल्लो आवसम्म भौतिक प्रगति ७२.७९ प्रतिशत थियो ।

**उत्तर–दक्षिण (कोशी) सडक आयोजना : १७ वर्षमा आधामात्र काम**

उत्तर-दक्षिण (कोशी) सडक आयोजना कार्यान्वयन सुरु भएको १७ वर्षमा आधामात्र काम भएको छ । यो आयोजना २०६५/६६ देखि सुरु भएको हो । गत आवसम्म भौतिक प्रगति ४९ प्रतिशतमात्र भएको तथ्यांकले देखाएको छ । सुरु लागत ११ अर्ब ९३ करोड रहेको आयोजनाको लागत बढेर १६ अर्ब २० करोड पुगिसकेको छ । आयोजना सक्ने संशोधित समय २०८५/८६ तोकिएको छ । यस आयोजनाले अहिलेसम्म ७ अर्ब २८ करोड खर्च गरिसकेको छ ।

**कालीगण्डकी करिडोरमा ७१.१२ प्रतिशत प्रगति**

उत्तर-दक्षिण कालीगण्डकी करिडोर आयोजना २०६७/६८ देखि सुरु भएको हो । २०८२/८३ सम्म यस आयोजनाको भौतिक प्रगति ७१.२३ प्रतिशतमात्र भएको छ । यो आयोजनाको संशोधित लक्ष्य अनुसार २०८८/८९ मा सम्पन्न हुनेछ । सुरुवाती लागत कुल ३० अर्ब ५७ करोड रहेको आयोजनाको संशोधित लागत अनुमान ३५ अर्ब पुगेको छ । आयोगका अनुसार अहिलेसम्म कालीगण्डकी कोरिडोरले २३ अर्ब ४९ करोड खर्च गरिसकेको तथ्यांक छ ।

**उत्तर–दक्षिण कर्णाली करिडोर : १३ वर्षमा १३ प्रतिशतमात्र प्रगति**

उत्तर-दक्षिण कर्णाली करिडोर कार्यान्वयन १३ वर्षमा १३ प्रतिशतमात्र छ । यो आयोजना कार्यान्वयन २०६९/७० देखि सुरु भएको हो । आव २०८२/८३ सम्म भौतिक प्रगति १३ प्रतिशतमात्र भएको छ । यो आयोजनाको सुरुवाती लागत १८ अर्ब ६६ करोड थियो । अहिले संशोधित लागत २९ अर्ब पुगिसकेको छ ।

राष्ट्रिय योजना आयोगका अनुसार अघिल्लो आवमा १२ प्रतिशतमात्र रहेको प्रगति एक वर्षमा एक प्रतिशतमात्र बढेको तथ्यांकले देखिएको छ । यो आयोजनाले अहिलेसम्म ३ अर्ब ३६ करोड खर्च गरेको छ ।

**पूर्व–पश्चिम विद्युतीय रेलमार्ग : १६ वर्षमा ३.६ प्रतिशत प्रगति**

पूर्व-पश्चिम विद्युतीय रेलमार्ग २०६६/६७ देखि कार्यान्वयनमा आएको हो । आयोजनाको २०८२/८३ सम्म ३.६ प्रतिशतमात्र भौतिक प्रगति भएको छ । यो आयोजना अन्तर्गत ९ सय २५ किलोमिटर रेलमार्ग बनाउने लक्ष्य छ । रोचक पक्ष के छ भने यो आयोजना सम्पन्न हुने मिति नै यकिन छैन ।

आयोजनाको सुरु लागत ७० अर्ब ६२ करोड अनुमान गरिए पनि अहिले संशोधित अनुमान १० खर्ब १७ अर्ब पुगेको छ । आयोजना अन्तर्गत बर्दीवास-निजगढ खण्डको ७० किलोमिटरमा काम भइरहेको छ । आयोजनाले अहिलेसम्म ३३ अर्ब ७३ करोड खर्च गरिसकेको तथ्यांक छ ।

**काठमाडौं–तराई/मधेस द्रुतमार्ग : संशोधित समय नाघ्दा आधामात्र प्रगति**

काठमाडौं/तराई/मधेस द्रुतमार्ग सम्पन्न हुने संशोधित मिति चालु आव २०८३/८४ को चैत मसान्त थियो । तर, यो समयभित्र आयोजना नसक्ने निश्चित भएसँगै आयोजनाको म्याद सरकारले तीन वर्ष थपेको छ । तर, प्रगति अझै पनि ५० प्रतिशतभन्दा तल छ ।

राष्ट्रिय योजना आयोगका अनुसार यो आयोजना २०७३/७४ देखि कार्यान्वयनमा आएको हो । काठमाडौंलाई अहिले पुराना राजमार्गले मात्र जोडिरहेको सन्दर्भमा सबैभन्दा राम्रो विकल्प यो आयोजना थियो । तर, समयमै सम्पन्न नहुँदा काठमाडौंले एकातर्फ निरन्तर सास्ती भोगिरहेको छ भने अर्कातर्फ आयोजनाको लागत समेत बढिरहेको छ । यो आयोजनाका लागत अनुमान २ खर्ब ११ अर्ब ९३ करोड रुपैयाँ रहेको छ । अहिलेसम्म ९२ अर्ब ६८ करोड खर्च भइसकेको छ ।



**अनिर्णयको बन्दी बन्यो निजगढ अन्तर्राष्ट्रिय विमानस्थल**

नेपालमा आयोजना कार्यान्वयनको पूर्वतयारीका दौरान सबैभन्दा बढी गिजोलिएको आयोजना हो निजगढ अन्तर्राष्ट्रिय विमानस्थल । सरकारले ५० को दशकबाटै यो आयोजना कार्यान्वयनको बहस र पूर्वतयारीको काम थालेको हो । २०७३/७४ देखि यस आयोजनामा बजेट छुट्याउन थालियो ।

तर, वातावरणीय मुद्दा र अदालती प्रक्रियाले यो आयोजना अन्योलमा छ । आयोजना कुन स्तर र मोडेलमा बनाउने समेत निश्चित नभएका कारण आयोजना सम्पन्न हुने मिति नै अनिश्चित छ । यो आयोजनामा १ अर्ब ३६ करोड रुपैयाँ खर्च भइसकेको छ ।

**अन्तिम चरणमा पशुपति क्षेत्र विकास कोष**

पशुपति क्षेत्र विकास कोष २०७०/७१ देखि कार्यान्वयनमा आएको आयोजना हो । यो आयोजनाको भौतिक प्रगति ९८.३३ प्रतिशत पुगेको छ । यो आयोजना सम्पन्न हुने मिति तोकिएको छैन । यद्यपि, पछिल्लो समय गुरुयोजना अनुसार काम हुने यस्तो आयोजनालाई राष्ट्रिय गौरवको आयोजनामा सूचीकृत गर्ने वा नगर्ने भन्नेमा बहस सुरु भएको छ ।

**आधा शताब्दी पुराना आयोजना : लुम्बिनी विकास कोष**

लुम्बिनी विकास कोष आयोजना कार्यान्वयन २०३४/३५ देखि सुरु भएको हो । यो आयोजना सम्पन्न हुने मिति २०८३ तोकिएको छ । १३ अर्ब २६ करोड लागत रहेको यो आयोजनाले अहिलेसम्म ९ अर्ब १३ करोड बजेट खर्च गरिसकेको छ । आयोजनाको भौतिक प्रगति ९०.५ प्रतिशत छ ।

**मुलपानी क्रिकेट एकेडेमी : म्याद सकिन १ वर्ष बाँकी रहँदा ७ प्रतिशतमात्र प्रगति**

यो आयोजना २०८०/८१ देखि सुरु भएको हो । आयोजना सम्पन्न हुने मिति २०८४/८५ रहेको छ । तर, २०८२/८३ सम्मको विवरण अनुसार आयोजनाको भौतिक प्रगति ७ प्रतिशतमात्र छ ।

स्रोत सुनिश्चितता सहित बहुवर्षीय ठेक्का आह्वानपछि ३ वर्षभित्र सक्ने भनिएको यो आयोजना पुनः धेरै समय लाग्ने निश्चित भएको छ । कुल ७ अर्ब ४९ करोडको यो आयोजनामा अहिलेसम्म १९ करोड खर्च भइसकेको छ ।

**गिरीजाप्रसाद कोइराला क्रिकेट रंगशाला : निर्माण सक्ने मिति नजिकियो, शून्य प्रगति**

यो आयोजनालाई सरकारले आव २०८०/८१ देखि कार्यान्वयन थालेको हो । यो आयोजना निर्माण सम्पन्न हुने मिति २०८४/८५ तोकिएको छ । स्रोत सुनिश्चिततासहित बहुवर्षीय ठेक्का आह्वान पश्चात साढे २ वर्षभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको थियो ।

तर, निर्माण सक्ने गरी तोकिएको अवधि नजिकिँदै गर्दा भौतिक प्रगति शून्य अवस्थामा छ । यो आयोजनाको लागत ३ अर्ब ६४ करोड हो । आयोजनाको खर्च अभिलेखमा छैन ।

**गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला**

चितवनमा निर्माणाधीन गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशालालाई समेत सरकारले राष्ट्रिय गौरवको आयोजनामा सूचीकृत गरेको छ । यो आयोजना धुर्मुस-सुन्तली फाउन्डेसनले निर्माण थालेको थियो । फाउन्डेसन यो आयोजना निर्माणमा असफल भएसँगै स्थानीय सरकारले सञ्चालन गर्ने गरी सरकारले निर्माणको जिम्मा लिएको हो । २०८१/८२ देखि कार्यान्वयन सुरु भएको यो आयोजना कार्यान्वयन सक्ने मिति यकिन छैन ।

**तीन आयोजना सम्पन्न**

सरकारले राष्ट्रिय गौरवको आयोजनामा सूचीकृत गरेकामध्ये तीन आयोजना भने सम्पन्न भएका छन् । माथिल्लो तामाकोशी जलविद्युत् आयोजना २०७८ सालदेखि पूर्ण क्षमतामा सञ्चालनमा आएको छ । यो आयोजनामा ४९ अर्ब रुपैयाँ लागत लागेको छ ।

पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल अर्को सम्पन्न भएको गौरवको आयोजना हो । यो आयोजना १६ पुस २०७९ देखि सञ्चालनमा आएको हो । गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल समेत २ जेठ २०७९ देखि सञ्चालनमा आएको छ । यी दुवै विमानस्थल तुलनात्मक रूपमा शीघ्र कार्यान्वयनमा आएका आयोजना हुन् । पोखरा विमानस्थल २०७३/७४ र भैरहवा २०७१/७२ मा सुरु भएका थिए ।


## धुर्कोट गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
बर्बोट, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

## बोलपत्र आशयको सूचना

(सूचना प्रकाशित मिति २०८३/०६/११)

यस कार्यालयबाट राष्ट्रिय दैनिकमा प्रकाशित सूचना बमोजिम तपसिलका ठेक्काको Hard Copy मार्फत् पेश हुन आएका बोलपत्र दाताहरुको दरभाउपत्र मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) बमोजिम आसयको सूचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशन गरिएको छ ।

| ठेक्का नं. | कार्यको विवरण | बोलपत्रकालागि पेश भएको बोलपत्रदाताको नाम ठेगाना | स्वीकृतीको लागि पेश भएको कवोल अंक |
|---|---|---|---|
| ODRM-Gulmi-W-NCB -08-083/84 | Construction Work of Dhurkot Rural Municipality Ek Ghar Ek Dhara Programme (Bahungau RCC Tank) at Dhurkot Rural Municipality-4, Gulmi | Aashree Asmita Construction And Suppliers Pvt.Ltd,Dhurkot RM-05, Gulmi | 39,26,236.36 NRs (With Vat) |
| ODRM-Gulmi-W-NCB -21-083-84 | Construction Work of Chhilimpe Ditthapokhara Kimukharka Dwaneta Thyapche Road Scheme-2 at Dhurkot Rural Municipality-5,6 & 7, Gulmi | Puspanjali Dreams Construction and Suppliers Pvt.Ltd,Kaligandaki RM-4, Gulmi | 54,24,155.75 NPR (With Vat) |

प्रमुख प्रशासकीय अधिकृत

## ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर
समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुखानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# 'शून्यबाट सुरु गरेका छौं, अब वडालाई समुन्नत बनाउने लक्ष्य छ'

(अर्घाखाँचीको शीतगंगा नगरपालिका-९ का वडाध्यक्ष **भिमबहादुर केसी**सँग पत्रकार **अनिल नेपाली**ले गरेको कुराकानीको सम्पादित अंशः

» ***तपाई निर्वाचित भएपछि वडाको विकास कसरी अघि बढाइरहनुभएको छ ? वडामा मुख्य समस्या के थिए ?***

म निर्वाचित हुनुअघि शीतगंगा-९ मा विकासका पूर्वाधार निकै कमजोर थिए। एउटा गाउँबाट अर्को गाउँमा पुग्ने बाटोसम्म सहज थिएन। निर्वाचित भएपछि भौतिक पूर्वाधारसँगै शिक्षा, स्वास्थ्य, खानेपानी, रोजगारी, पर्यटन र विद्युत्लाई प्राथमिकतामा राखेर काम गरिरहेका छौं ।

सुरुवातमा हाम्रो मुख्य ध्यान सडक निर्माण र सुधारमा रह्यो । वडाको ठूलो भूगोल र विकटताका कारण सबै बस्तीमा सडक पहुँच पुऱ्याउनु चुनौतीपूर्ण थियो । अहिले वर्षायामबाहेक अन्य समयमा वडाका अधिकांश स्थानमा गाडी पुग्ने अवस्था बनेको छ । खानेपानी, विद्युत् र घरघरमा आधारभूत सेवा पुऱ्याउने काम पनि अघि बढिरहेको छ ।

» ***तपाईंको कार्यकालमा कुन-कुन क्षेत्रलाई प्राथमिकता दिनुभयो ?***

शिक्षातर्फ पहिले रहेका १० वटा सामुदायिक विद्यालय अहिले ११ वटा पुगेका छन् । आधारभूत तहका विद्यालयलाई क्रमशः सुधार गर्दै माध्यमिक शिक्षाको पहुँच विस्तार गरेका छौं । पाखुरी माध्यमिक विद्यालय र लौरी माध्यमिक विद्यालयमा कक्षा १० सम्मको पढाइ सञ्चालन भइरहेको छ ।

स्वास्थ्य सेवामा पनि सुधार गरिएको छ । स्वास्थ्य चौकीबाट टोल-टोलमा घुम्ती सेवा, ज्येष्ठ नागरिकलाई औषधि वितरण, सुत्केरी महिलालाई पोषणसम्बन्धी सहयोग तथा विभिन्न स्वास्थ्य शिविर सञ्चालन गर्दै आएका छौं ।

पर्यटन प्रवर्द्धनका लागि नयाँ गन्तव्य पहिचान गर्ने र भएका पर्यटकीय क्षेत्रको विकास तथा प्रचार गर्ने काम पनि भइरहेको छ ।

» ***स्थानीय सरकार आएपछि भ्रष्टाचार र अनियमितता बढेको गुनासो सुनिन्छ नि ?***

३५ वर्षमा केही भएन भन्ने होइन, विकास निर्माण र सामाजिक क्षेत्रमा धेरै परिवर्तन भएका छन्। तर जनताको अपेक्षा अझै ठूलो छ। मेरो कार्यकालमा भ्रष्टाचार हुन नदिने विषयमा म प्रतिबद्ध छु ।

भ्रष्टाचार नियन्त्रण केवल एउटा व्यक्तिले गरेर सम्भव हुँदैन। भ्रष्टाचार गर्ने र गराउने दुवैको मानसिकता परिवर्तन आवश्यक छ । जनताका गुनासा सुनेर कर्मचारीलाई पारदर्शी र जिम्मेवार ढंगले सेवा प्रवाह गर्न प्रेरित गर्दै आएको छु। जनतालाई छिटो, छरितो र प्रभावकारी सेवा दिने मेरो प्राथमिकता हो ।

» ***आगामी दिनमा वडालाई कस्तो बनाउने योजना छ ?***

खानेपानी, शिक्षा, स्वास्थ्य र सडकजस्ता आधारभूत क्षेत्रमा थप स्तरोन्नति गर्ने योजना छ । कृषि र पर्यटनलाई व्यावसायिक बनाउँदै स्थानीयस्तरमै रोजगारी सिर्जना गर्ने लक्ष्य छ ।

विशेषगरी युवालाई व्यावसायिक कृषिमा आकर्षित गरी स्वरोजगार बनाउने योजना छ । महिला, बालबालिका, दलित, असहाय तथा अपांगता भएका व्यक्तिको अधिकार र पहुँच सुनिश्चित गर्ने कार्यक्रमलाई पनि प्राथमिकता दिइनेछ ।

» ***जनताका मुख्य अपेक्षा के-के छन् ?***

जनताको अपेक्षा असीमित छन् । स्वास्थ्य, शिक्षा र रोजगारी उनीहरूको प्रमुख आवश्यकता हो । रोजगारीका लागि ठूलो संख्यामा युवा विदेशिनुपर्ने अवस्था अन्त्य गर्न स्थानीयस्तरमै अवसर सिर्जना गर्नुपर्छ ।

व्यावसायिक कृषि र पर्यटनमार्फत युवालाई आफ्नै ठाउँमा स्वरोजगार बनाउनेतर्फ हाम्रो प्रयास केन्द्रित हुनेछ। विदेशबाट फर्किएका युवालाई समेत स्थानीय उत्पादन र व्यवसायमा जोड्ने योजना छ ।

» ***प्रदेश र स्थानीय सरकारबीचको समन्वय कस्तो छ ?***

स्थानीय र प्रदेश सरकार एकअर्काका परिपूरक हुन् । ठूला पूर्वाधार तथा गौरवका योजनामा प्रदेश सरकारसँग समन्वय आवश्यक हुन्छ । शीतगंगा क्षेत्रमा प्रदेश सरकारको सहयोगमा धनखोला-पाखुरी हर्रेचाक्ला मोटरबाटो, लाहापे-सिलिङखोला-चिदिचौर, बोखर-सिद्धारा, लौरी-लामाताल, डमारबेँसी-कानाचौर, अमराई-जुकेना-पतञ्जलीलगायत सडक तथा अन्य गौरवका योजनाहरू अघि बढेका छन् ।

यी योजनाले स्थानीय बासिन्दालाई सरकारसँग प्रत्यक्ष जोड्न महत्वपूर्ण भूमिका खेलेका छन् ।

» ***अन्त्यमा वडावासी जनतालाई के भन्न चाहनुहुन्छ ?***

म आफ्नो कार्यकालको आफैं मूल्यांकन गर्न चाहन्नँ । यसको मूल्यांकन वडाका जनताले गर्ने हो । करिब नौ वर्षको अवधिमा धेरै काम भएका छन् र अझै धेरै सम्भावना बाँकी छन् ।

हामीले वडाको समग्र विकासलाई केन्द्रमा राखेर काम गरिरहेका छौं । धार्मिक, पर्यटन र खेलकुदको विकाससँगै आर्थिक समृद्धिलाई जोड्ने योजना छ । आगामी दिनमा यसको परिणाम देखिने गरी काम गर्नेछौं ।

भाषणभन्दा काममा विश्वास गर्छु । वडावासीको सुझाव र सल्लाहअनुसार अघि बढ्दै शीतगंगा-९ लाई नमूना वडा बनाउने लक्ष्यका साथ निरन्तर काम गर्ने प्रतिबद्धता व्यक्त गर्दछु ।




**भिमबहादुर केसी**
**वडाध्यक्ष**
शीतगंगा नगरपालिका-९, अर्घाखाँची ।


## २४औं वार्षिक साधारणसभामा अनिवार्य उपस्थित हुनेबारे ।

मितिः२०८३/०६/११

यस विश्वज्योति बचत तथा ऋण सहकारी संस्था लि. बुटवल-४ को मिति २०८३/०६/०८ गते बिहीबार बसेको सञ्चालक समितिको १४औं बैठकबाट निर्णय भएअनुसार संस्थाको २४औं वार्षिक साधारणसभा निम्न मिति, समय र स्थानमा हुने भएकोले सम्पूर्ण शेयर सदस्यहरुलाई अनिवार्य उपस्थतिको लागि बिनम्र अनुरोध गर्दछौं ।

**कार्यक्रमः**
**मितिः** २०८३ साल कार्तिक १६ गते सोमबार
**समयः** बिहान ११ः३० बजे
**स्थानः** होटेल पौवाको सभाहल तिलोत्तमा ३ योगिकुटी सिद्धार्थ हाईवे पश्चिम,
फोन नंः ०७१, ४३७२४५, ९८५७०३४१७६, ९८४७०४८२५१,

**साधारण सभाका विषयहरुः**
(१) सञ्चालक समितिको तर्फबाट आ.व.२०८२/०८३ को वार्षिक प्रतिवेदन पारीत गर्ने सम्बन्धमा ।
(२) कोषाध्यक्षबाट प्रस्तुत आ.व.०८२/०८३ को लेखापरिक्षण प्रतिवेदन र आगामी आ.व. ०८३/०८४ को बजेट पारित गर्ने सम्बन्धमा ।
(३) लेखा सुपरिबेक्षण समितिको वार्षिक प्रतिवेदन पारित गर्ने संबन्धमा ।
(४) आ.व.२०८३/०८४ का लागि लेखापरिक्षक नियुक्ती र पारिश्रमिक सम्बन्धमा ।
(५) संस्थाको मूल विनियम, हालै शंसोधित सहकारी ऐन ०८३ अनुसार विनियम पुनर्लेखन गर्ने संबन्धमा ।
(६) साधारणसभाको निर्णयपुस्तिका प्रमाणीत गर्ने ११ जना प्रतिनिधि चयन गर्ने सम्बन्धमा ।
(७) विविध

(**नोटः / पुनश्चः**
(१) साधारणसभामा उपस्थित शेयरसदस्यहरुको लागि यातायात र दिवा खाजाको व्यवस्था गरिएको छ ।
(२) मिति २०८३ असोज मसान्तसम्म संस्थामा नियमित बचत नगर्ने शेयर सदस्यहरुलाई संस्थाको सदस्यता कार्यविधि २०७८ को दफा १३ अनुसार सदस्यता निलम्बन र खारेजी गरिने व्यहोरा जानकारी गराईन्छ ।
(३) विगत वर्षमा झै यसवर्ष पनि शेयरसदस्यहरुको छोराछोरी बाट +२ मा प्रथम श्रेणी [GPA 2.8 'B'] भन्दा माथि अंक ल्याई रेगुलर उत्तीर्ण हुने विद्यार्थीलाई सम्मान गरिने कार्यक्रम रहेकाले यसै कार्तिक १० गतेभित्र यस सहकारी कार्यालयमा विद्यार्थीको मार्कसिट कपि र १ प्रति PP size फोटो उपलब्ध गराइदिनुहुन यसै सूचनामार्फत् अनुरोध छ। साथै संस्थाको सदस्यता कार्यविधि २०७८ दफा २६ बमोजिम **उत्कृष्ट बचतकर्ता सदस्य सम्मान र अनुशासित ऋणी सदस्य सम्मान** गरीने जानकारी गराइन्छ ।

Email: Cooperativebishwojyoti@gmail.com
Ph.no: 071, 530544
Whats apps: 9761552717

**गोकुल विश्वकर्मा**
सचिव
**विश्वज्योति बचत तथा ऋण सहकारी संस्था लि.**
बुटवल-४ रुपन्देही


# ३८औं झरना रनिङ शिल्ड असोज १४ देखि




तिलोत्तमा । तिलोत्तमामा प्रतिष्ठित ३८ औं झरना रनिङ शिल्ड नकआउट फुटबल प्रतियोगिता असोज १४ गतेदेखि सुरु हुने भएको छ । तिलोत्तमा-६, कुञ्जलापुरस्थित उमा आधारभूत विद्यालयको खेलमैदानमा हुने प्रतियोगितामा १२ वटा टिमको सहभागिता रहने आयोजकले जनाएको छ ।

प्रतियोगिताको उद्घाटन खेलमा लिस्नु युवा क्लब र चरङ्गे युवा क्लब आमनेसामने हुनेछन् । प्रतियोगिता असोज १४ गतेदेखि सुरु भई असोज २५ गते फाइनल खेलसहित समापन गरिने क्लबका पूर्वअध्यक्ष लोक पुनले जानकारी दिए ।

उनका अनुसार प्रतियोगिताको विजेता टिमले ४ लाख र उपविजेता टिमले २ लाख रुपैयाँ नगद पुरस्कार पाउनेछन् । यस्तै विभिन्न विधाका उत्कृष्ट खेलाडीले पनि नगद पुरस्कार पाउनेछन् । प्रतियोगितामा सहभागी हुने टिमका लागि प्रवेश शुल्क निःशुल्क गरिएको पनि पुनले बताए ।

प्रतियोगिता सञ्चालनका लागि करिब २८ लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको क्लबका अध्यक्ष धनेन्द्र पौडेलले बताए। प्रतियोगिताका लागि सम्बन्धित वडाबाट १ लाख रुपैयाँ सहयोग उपलब्ध हुने र बाँकी रकम स्थानीय बासिन्दा, खेलप्रेमी, उद्योगी तथा व्यवसायीको सहयोगलगायत स्रोतबाट व्यवस्थापन गरिने अध्यक्ष पौडेलले बताए । तिलोत्तमा नगरपालिकाबाट समेत आर्थिक सहयोग उपलब्ध हुने आशा गरिएको क्लबले जनाएको छ।

अध्यक्ष पौडेलले झरना रनिङ शिल्डलाई निरन्तरता दिन स्थानीय बासिन्दा, खेलप्रेमी तथा उद्योगी व्यवसायीको महत्वपूर्ण साथ र सहयोग रहँदै आएको बताए ।

उनले प्रतियोगिता फुटबल खेलमा सीमित नभई स्थानीयस्तरमा खेलाडी उत्पादन, खेलकुदको विकास र युवालाई खेलकुदतर्फ आकर्षित गर्ने माध्यमका रूपमा स्थापित हुँदै गएको बताए ।

प्रतियोगिता सफल बनाउन स्थानीयस्तरबाट आवश्यक सहयोग जुटाउने तथा खेलमैदान र व्यवस्थापनका कामलाई व्यवस्थित बनाउने तयारी भइरहेको आयोजकले जनाएको छ।

पत्रकार सम्मेलनमा स्थानीय संगिता गुरुङ, क्लबका पूर्व अध्यक्ष छत्रबहादुर दर्लामी र पदम थापा, विभिन्न क्लबका प्रतिनिधिलगायतको सहभागिता रहेको थियो ।

आयोजकका अनुसार झरना रनिङ शिल्डको यस संस्करणमा प्रतिस्पर्धात्मक र व्यवस्थित फुटबल प्रतियोगिता सञ्चालनसँगै स्थानीय खेलाडी तथा दर्शकलाई आकर्षित गर्ने गरी विभिन्न व्यवस्थापन गरिएको छ ।


## भूमि प्रशासन कार्यालय, भैरहवा रुपन्देहीबाट नामसारीको लागि जारी गरिएको हकदावी सम्बन्धी ३५ दिने सूचना

मितिः २०८३/०६/११

जिल्ला सिन्धुपालचोक पाँचपोखरी थाङपाल गाउँपालिका वडा नं २ साविक बरुवा गाविस वडा नं २ बगामगुम्बा बस्ने श्री छिरिङ लामाको निवेदन अनुसार निजको सहोदर मामा ज.ध घस्यो कुस्यो लामाको मिति २०६०।२।२७ मा अविवाहित अवस्थामा नै मृत्यु भएको । निजको बुवा आमा र बैहिनीको पंजिकरण कार्यक्रम लागु अगावै मृत्यु भएको निजहरुबाट २ सन्तान घस्यो कुस्यो लामा र छुल्टिन जाङमो लामा(निवेदकको आमा) को जन्म भएको र मृतक ज.ध को बहिनि छुल्टिन जाङमो लामातर्फ पनि एकमात्र सन्तान छिरिङ डोल्मा लामाको मात्र जन्म भएको । ज.ध. घस्यो कुस्यो लामाको स्याहार सुसार पालताल औषधी उपचार र मृत्यु पश्चात धर्म संस्कार अनुसार काजकृया समेत भान्जि नाताको म निवेदक छिरिङ डोल्मा लामाले गरेको हुँदा हाल निजको सबभन्दा नजिकको हकवाला म मात्र भएकोले मृतक ज.ध. मेरो सहोदर मामा घस्यो कुस्यो लामाको नाममा एकलौटी दर्ता कायम रहेको रुपन्देही जिल्ला मधुवनी गाविस वडा नं ८ कित्ता नं ५६३ क्षेत्रफल ०-३-१४ जग्गा मेरो नाममा एकलौटी नामसारी गरि पाउँ भनि जिल्ला सिन्धुपालचोक पाँचपोखरी थाङपाल गाउँपालिका २ नं. वडा कार्यालयको च.नं ४६ मिति २०८३/५/१६ र च.नं. ०००२ र ०००३ मिति २०८३/४/१ को सिफारिस साथ द.नं. २७५९ मिति २०८३/०५/१० मा यस कार्यालयमा निवेदन पेश गरेको सम्बन्धमा उक्त कित्ता जग्गा के कुन प्रकृतिको जग्गा हो ? उल्लेखित जग्गामा अन्य कसैको हकदावी / विवाद छ/छैन ? कुनै सरकारी सार्वजनिक वा अन्य व्यक्ति विशेष संघसस्थाको हकभोग तथा दावि/ विरोध पर्छ / पर्दैन ? मृतक ज.ध. घस्यो कुस्यो लामाको पालताल /काजकृया कसले गरेको हो ? निजका हकवालाहरु निवेदक मात्र हुन वा अन्य हकवालाहरु पनि छन ? ज.ध. घस्यो कुस्यो लामा र डुक्पा लामा छेचु भन्ने व्यक्ति एउटै व्यक्ति हुन वा फरक व्यक्ति हुन ? निवेदकको माग निवेदन बमोजिम नामसारी गर्न मिल्छ / मिल्दैन ? सो एकिन सम्बन्धमा हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशन गरिएको छ । यदी कोही कसैको हकदावी भएमा सोही अवधी भित्र स्वय आफु वा आफ्नो वारेस मार्फत उजुर बाजुर गर्न आउनुहुन अनुरोध छ । अन्यथा नियम कानून बमोजिम भै जाने व्यहोरा सूचित गरिन्छ ।

इति संवत २०८३ साल असोज ९ गते रोज ६ शुभम् ।



**आकर्षक डिजाइन तथा छपाई**

सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधै हामीलाई सम्झनुहोस् !

आइडिया
डिजाइनर्स/
अफसेट प्रेस

**सम्पर्कः**
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com








सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com